'गाउँ गाउँमा सूचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १८१ मंगलवार १३ फागुन, २०८१ 25 (Tuesday) February 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### कोहलपुरमा रहेको नेपाल प्रहरीको पेट्रोल पम्प उद्घाटन

## 'नागरिकका लागि सरल र सहज इन्धन आपूर्ति हुने' : महानिरीक्षक कुँवर

सरला सुवेदी
कोहलपुर, फागुन/१२



नेपाल प्रहरीका महानिरीक्षक वसन्त बहादुर कुँवरले सोमबार एक भव्य समारोहबीच प्रहरी कल्याण कोषद्वारा निर्मित नवनिर्मित पेट्रोल पम्पको उद्घाटन गरेका छन् । उद्घाटन कार्यक्रममा कुँवरले भवनको निरीक्षण गर्नुका साथै कार्यालय परिसरमा वृक्षारोपण समेत गरे । सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरीले समाजमा शान्ति सुरक्षाको साथै विभिन्न क्षेत्रमा सहकार्य गर्दै आम नागरिकलाई सेवा पुऱ्याउँदै आएको उल्लेख गरे । उनले प्रहरी पेट्रोल पम्प नेपाल प्रहरीको मात्र नभई सबै नागरिकको साझा सम्पत्ति भएको हुँदा यसले नेपाल प्रहरी तथा आम नागरिकका सवारी साधनलाई सरल र सहज रूपमा इन्धन आपूर्ति गराउने बताएका छन् । साथै, विशेष परिस्थितिमा समेत इन्धनको आवश्यकता पूर्ति गर्न सहज हुने विश्वास व्यक्त गरे । प्रहरी महानिरीक्षक कुँवरले नेपाल प्रहरी शान्ति सुरक्षाका साथै नागरिक केन्द्रित सेवा प्रदान गर्ने राज्यको एक विश्वासिलो संस्था रहेको बताए। उनले आम नागरिकलाई निष्पक्ष सेवा प्रवाह गर्दै प्रदेशभरको शान्ति सुव्यवस्था कायम गर्न समुदायसँग सहकार्य गर्दै प्रभावकारी प्रहरी परिचालन गर्ने निर्देशन दिए । लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक दान बहादुर कार्कीले धन्यवाद मन्तव्य व्यक्त गरे । त्यस्तै, जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी उपरीक्षक तुल बहादुर कार्कीले स्वागत मन्तव्य दिएका थिए । उक्त उद्घाटन कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रमुख एवम् पदाधिकारीहरू, सञ्चारकर्मीहरू, स्थानीय बुद्धिजीवीहरू लगायत प्रहरी कर्मचारीहरूको उपस्थिति रहेको थियो । नेपाल प्रहरी कल्याण कोषले कुल ६ करोड २७ लाख ६४ हजार ७ सय रुपैयाँको लागतमा उक्त पेट्रोल पम्प तथा पूर्वाधारहरूको निर्माण सम्पन्न गरेको हो । यस पम्पको सञ्चालनले नागरिक तथा प्रहरी सवारी साधनका लागि सहज, नियमित र व्यवस्थित इन्धन आपूर्तिमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । कार्यक्रममा लुम्बिनी प्रदेश प्रहरी प्रमुख डिआइजी दान बहादुर कार्कीले प्रहरी प्रमुख कुँवरलाई कृतज्ञताको चिनो प्रदान गरेका थिए ।

### बाँकेमा 'डोर टु डोर' पशु उपचार कार्यक्रम

## बाँझोपन समस्या समाधानमा प्रभावकारी पहल

नमस्ते समचारदाता
बाँके, फागुन/१२



बाँके जिल्लामा पशुहरूमा देखिएको बाँझोपन समस्याको समाधान गर्न 'डोर टु डोर' कार्यक्रम सञ्चालन गरिएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले किसानका गोठमै पुगेर समस्या पहिचान गर्दै उपचार सेवा प्रदान गरिरहेको छ । आइतबार खजुरा गाउँपालिकामा स्थानीय पशु सेवा शाखासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको थियो । यसअघि जानकी गाउँपालिकामा ५२ घरधुरीका ६५ गाईभैंसीको उपचार गरिएकोमा, खजुरामा ५६ घरधुरीका ५८ गाईभैंसीलाई बाँझोपन निवारण सेवा प्रदान गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका पशु विकास अधिकृत भोज बहादुर रावलले जानकारी दिनुभयो । खजुराका वडा नम्बर २, ३, ४ र ८ का दुधालु गाईभैंसीमा प्रजनन विकृति निवारण गर्न कार्यक्रम सञ्चालन गरिएको पशु सेवा प्राविधिक राज बहादुर बोगटीले जनाउनुभयो । अन्य वडामा समस्या देखिएमा पुनः उपचार गरिने विज्ञ केन्द्रले जनाएको छ । उन्नत पशुहरूमा बाँझोपन समस्या बढी देखिएको भन्दै भेटेरिनरी अस्पतालका प्रमुख कमला अधिकारीले यस्तो कार्यक्रमलाई निरन्तरता दिइने बताउनुभयो । पछिल्ला वर्षहरूमा बाँकेमा व्यावसायिक गाईभैंसी पालन व्यवसाय फस्टाउँदै गएकोले 'डोर टु डोर' कार्यक्रमले किसानहरूलाई थप हौसला प्रदान गर्ने उहाँको भनाइ छ । पशुको प्रजनन स्वास्थ्य सुधार गर्ने लक्ष्य सहित गरिएको यस कार्यक्रमबाट किसानहरूले राहत महसुस गरेको बताइएको छ । खजुरा गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष पूर्ण बहादुर भण्डारीका अनुसार, बाँझोपन समस्या समाधान भएपछि किसानहरूले गाईभैंसी सस्तो मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता हट्ने तथा दुग्ध उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ । कार्यक्रममा पशु प्रजनन कार्यालय गौघाटका डा. मिलन चौधरी सहित विभिन्न पशु स्वास्थ्य विज्ञहरूको उपस्थिति रहेको थियो । बाँकेका अन्य दुई पालिकामा पनि पशुमा बाँझोपन समस्या देखिएको निवेदन परेकाले त्यहाँ पनि यसैगरी 'डोर टु डोर' कार्यक्रम सञ्चालन गरिने विज्ञ केन्द्रले जनाएको छ ।

## लुम्बिनीलाई आगामी वर्ष सडक आश्रित मानव मुक्त प्रदेश घोषणाको तयारी

नमस्ते समचारदाता
दाङ, फागुन/१२




लुम्बिनी प्रदेशलाई आगामी आर्थिक वर्ष सडक आश्रित मानव मुक्त घोषणा गर्ने तयारी गरिएको छ । चालू आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश निर्माण कार्यलाई निरन्तरता दिने उल्लेख छ । अब आगामी वर्ष वार्षिक बजेट तथा कार्यक्रममा सुनिश्चित गरी लुम्बिनी प्रदेशलाई सडक आश्रित मानव मुक्त प्रदेश बनाउनेगरी प्रदेश सरकार अघि बढ्ने मुख्यमन्त्री चेतनारायण आचार्यले बताउनुभयो । मानवता प्रवर्द्धन अभियानअन्तर्गत मानवसेवा आश्रमसँग लुम्बिनी प्रदेश सरकारले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल गर्दै मानवतायुक्त प्रदेश बनाउने अभियानलाई प्रदेश सरकारले पूर्ण साथ दिने प्रतिबद्धता व्यक्त गरेको छ । 'कसैले पनि सडकमा बास बस्न नपरोस्, भोकभोकै बस्न नपरोस्,' मुख्यमन्त्री आचार्यले भन्नुभयो, 'संविधानले सुनिश्चित गरेका हक अधिकारको प्रत्याभूति दिलाउने जिम्मेवारी सरकारको हो । त्यो जिम्मेवारी निभाउन हामी तयार छौं ।' प्रदेशभित्र सञ्चालित मानवसेवा आश्रमहरूमा स्वास्थ्यकर्मी उपलब्ध गराउने र उपचार सेवालाई सहज बनाउने तयारी सरकारले गरेको छ । मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले मुख्यमन्त्री आचार्यलाई सडक आश्रित मानव मुक्त बनाउने अभियानको प्रस्तावना पत्र हस्तान्तरण गर्नुभएको छ । 'नितान्त दाताहरूको सहयोगबाट यो आश्रम सञ्चालन भइरहेको छ । यसलाई अघि बढाउन सरकारको साथ र सहयोगको खाँचो छ,' उहाँले भन्नुभयो, 'सरकारले अब सामाजिक सुरक्षाका लागि पनि सहयोग गर्न जरुरी छ । सडकबाट उद्धार गरी आश्रम र अस्पतालसम्म पुर्‍याउन साधन स्रोतको अभाव छ । यसमा पनि सहयोग आवश्यक छ । 'मानवसेवा आश्रमले लुम्बिनी प्रदेशमा हालसम्म १,३४४ जनालाई उद्धार गरेको छ, जसमा ८२९ पुरुष, ४१८ महिला र ९७ जना बालबालिका छन् । तीमध्ये ५५७ जनालाई परिवारसँग पुनर्मिलन गराइसकिएको छ । बाँके र बर्दिया जिल्लाबाट मानवसेवा आश्रम नेपालगञ्ज, दाङ, रोल्पा, प्युठान, रुकुम पूर्वबाट मानवसेवा आश्रम तुलसीपुर, रुपन्देही, कपिलवस्तु, नवलपरासी पश्चिम, पाल्पा, अर्घाखाँची र गुल्मी जिल्लाबाट उद्धार गरिएका व्यक्तिहरूलाई रुपन्देहीका दुईवटा मानवसेवा आश्रममा राख्ने गरिएको छ । 'मिसन २०८२' तय गर्दै सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अभिभावकविहीन, मानसिक तथा शारीरिक कमजोर) सडक आश्रित मानवमुक्त राष्ट्र निर्माण, घोषणा र कार्यान्वयन गर्न राष्ट्रिय अभियान थालिएको छ । छलफल कार्यक्रममा मन्त्रीहरू, प्रमुख सचिव तथा सचिवहरूले आफ्नो धारणा राख्नुभएको थियो ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्ान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# प्राविधिक शिक्षामा अबको गन्तव्य

प्रमोदभक्त आचार्य

राज्यले जुन ध्येयका साथमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि विभिन्न कानुनी तथा संरचनागत व्यवस्था गरी सिटिइभिटी तथा अन्य निकायको स्थापना गरेको थियो । त्यस अनुसारका लक्ष्य प्राप्त गर्न सकेका छौँ त ? यसमा गम्भीर समीक्षा गर्ने बेला आएको छ ।



प्रमोदभक्त आचार्य



शिक्षालाई परापूर्वकालदेखि नै व्यक्तित्व विकास तथा सुखी जीवनको प्रमुख साधनका रूपमा लिइएको छ । विधि, रीति तथा थिति व्यवस्थापन गरी व्यक्ति तथा समाजको परिवर्तन गर्ने र सामाजिक तथा आर्थिक विकासको ढोका खोल्ने काम शिक्षाले नै गर्छ । असल शिक्षाको माध्यमबाट दिगो तथा सन्तुलित र समतामूलक विकास सम्भव छ । शिक्षाले व्यक्तिलाई काम गर्न सक्षम बनाउनु पर्छ । आजको समयमा कोरा सैद्धान्तिक ज्ञान भएको शैक्षिक योग्यताले भन्दा प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्तिलाई रोजगार भई आफ्नो सुनौलो र सुखी भविष्यको मार्ग तय गर्न मद्दत गर्छ । अबको शिक्षालाई 'बोली खानेभन्दा गरी खाने शिक्षा' बनाउनु पर्छ । युवालाई सिप सिकाएर उत्पादन तथा रोजगारीमा जोड्नु आजको आवश्यकता हो । वर्तमान समयका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता बढ्दै गएको छ । देशको आर्थिक विकास र समृद्धिका लागि दक्ष प्राविधिक जनशक्ति तयार गर्ने उद्देश्यले विद्यालय तहमा व्यावसायिक ज्ञान र सिप सिकाउन विसं २००४ देखि नै नेपालको शिक्षा प्रणालीमा प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी विषयवस्तु समावेश गरेको पाइन्छ । तत्पश्चात् विभिन्न निकाय र संस्थाहरूको स्थापना भई प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न थालियो । प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) को २०४५ सालमा स्थापना भएको हो । देशको आर्थिक समृद्धि र विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको अपरिहार्यतालाई सम्बोधन गर्न नै राज्यले अलग र स्वायत्त संस्थाको परिकल्पना गरेको थियो । राज्यले जुन ध्येयका साथमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि विभिन्न कानुनी तथा संरचनागत व्यवस्था गरी सिटिइभिटी तथा अन्य निकायको स्थापना गरेको थियो त्यस अनुसारका लक्ष्य प्राप्त गर्न सकेका छौँ त ? प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत युवालाई प्राविधिक सिप र ज्ञान सिकाएर उत्पादन तथा रोजगारीका क्षेत्रमा जोड्न सकिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई स्वरोजगारको सिर्जना गर्ने महत्वपूर्ण माध्यमका रूपमा लिइन्छ । केही न केही सिप सिकेको युवाले आफैँ कुनै व्यवसाय सञ्चालन गर्न सक्षम हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई शिक्षाको महत्वपूर्ण क्षेत्रका रूपमा राज्यले लिएको छ । हरेक राजनीतिक दलका घोषणापत्रले समेत सिपयुक्त जनशक्ति र उत्पादनमा उच्च प्राथमिकता दिएका छन् । यसका साथै नेपालको संविधान, शिक्षा नीति, आवधिक योजना, वार्षिक कार्य योजनामा प्राविधिक शिक्षाको विकास, विस्तार, गुणस्तर र सान्दर्भिकतामा जोड दिइएको छ । १६ औँ आवधिक योजनाको अन्त्यसम्ममा प्राविधिक शिक्षा र साधारण शिक्षाको अनुपात ७०:३० पुऱ्याउने लक्ष्यसमेत लिइएको छ । यसबाट प्राविधिक शिक्षाको विकास र विस्तारमा सबैको ध्यान केन्द्रित छ भन्ने पुष्टि हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच स्थापित गर्न राज्यका सबै जिम्मेवार निकायले यसको विकास र विस्तारका लागि बलियो पहलकदमी लिइरहेका छन् । हालसम्म ६७५ पालिकामा प्राविधिक शिक्षाको संस्थागत पहुँच पुगिसकेको छ । भौगोलिक दूरताका कारण प्राविधिक शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था छैन । हाल सिटिइभिटीबाट सम्बन्धन तथा स्वीकृति लिएर सञ्चालनमा रहेका शिक्षण संस्थाले न्यून शुल्कमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरिरहेका छन् । स्थानीय सरकारको साझेदारीमा सञ्चालित कतिपय शिक्षण संस्थामा पालिकाहरूले प्राविधिक शिक्षा अध्ययनका लागि ठुलो संख्यामा छात्रवृत्तिसमेत प्रदान गरिरहेका छन् । यसका साथै स्थानीय तहमा रहेका गैरसरकारी संस्था तथा समुदायले समेत प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउँदै आएको पाइन्छ । सिटिइभिटी अन्तर्गत सञ्चालित शिक्षण संस्थामा एसइईपश्चात् १८ महिना र तीन वर्ष अवधिका प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन हुँदै आएका छन् । लामो अवधिका प्राविधिक शिक्षाका यस्ता कार्यक्रममा भर्ना क्षमता ७५ हजार सात सय २४ पुगेको छ । यसमा शिक्षण संस्थाले सञ्चालन गर्ने कार्यक्रममा तोकिएको भर्ना कोटामध्ये १० प्रतिशत विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट वार्षिक करिब सात हजार विद्यार्थीले निःशुल्क प्राविधिक शिक्षाको अध्ययन गर्ने अवसर पाएका छन् । यसका साथै छोटा अवधिका सिपमूलक तालिम निःशुल्क रूपमा सञ्चालन हुँदै आएका छन् । प्राविधिक शिक्षामा पहुँच स्थापित गरेर मात्रै पनि यसको विकास र विस्तार सम्भव हुने देखिँदैन । अध्ययन पूरा गरिसकेपछि आशातीत उपलब्धि हासिल भयो वा भएन, उत्पादित जनशक्तिले बजारको मागलाई परिपूर्ति गर्न सक्यो वा सकेन भन्ने महत्वपूर्ण हुन्छ । प्राविधिक शिक्षाको गुणात्मक विकासका लागि मुख्यत शिक्षण संस्थाहरूलाई सम्बन्धन तथा स्वीकृति प्रदान गर्दा मापदण्डमा आधारित रहेर गर्नु पर्छ । प्रयोगात्मक अभ्यासका लागि पर्याप्त ल्याब, अध्यापन गराउने दक्ष प्राविधिक जनशक्ति र कार्यस्थलको सिकाइका लागि उद्योग व्यवसायसँगको सहकार्य हुने सुनिश्चितता स्थलगत रूपमै हेरिनु पर्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा कक्षाकोठामा कम र कार्यस्थलको सिकाइका लागि ल्याब, वर्कसप तथा फिल्डमा अधिक समय अध्यापन गराउनुपर्ने विषय हो । कार्यस्थलको सिकाइको उपयुक्त प्रबन्ध गर्न सकिएन भने विद्यार्थीले अपेक्षित सिप सिक्न सक्दैन । सिपबिना प्राविधिक शिक्षाको कुनै मूल्य नै हुँदैन । फलतः प्राविधिक शिक्षाको गुणात्मकता र विश्वसनीयता माथि प्रश्न चिह्न लाग्न सक्छ । यसर्थ सिटिइभिटीले मापदण्ड निर्धारण गरी संस्था तथा कार्यक्रम सञ्चालनका लागि सम्बन्धन तथा स्वीकृति प्रदान गर्दै आएको छ । यसका साथै जनशक्ति तथा संस्थाको क्षमता विकासका लागि नियमित रूपमा प्रशिक्षक तथा कर्मचारीलाई क्षमता विकासका तालिम प्रदान गरिँदै आएको छ । शिक्षणमा नयाँ नयाँ प्रविधि आइरहेका हुन्छन् । प्रशिक्षक हरेक नयाँ विषयमा अद्यावधिक हुनु पर्छ । त्यसका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठानमार्फत प्राविधिक तथा व्यावसायिक शिक्षा क्षेत्रमा संलग्न पेसाकर्मीको पेसागत दक्षता अभिवृद्धि गर्ने कामसमेत हुँदै आएको छ । यस्ता कार्यहरूबाट प्राविधिक तथा व्यावसायिक शिक्षामा लिइएको उद्देश्य हासिल गर्न सहज भइरहेको छ । शिक्षण संस्थामा के कसरी अध्यापन भइरहेको छ ? स्रोतसाधन र जनशक्तिको अवस्था के कस्तो छ भन्ने बारेमा नियमित अनुगमन तथा मूल्याङ्कन हुँदै आएको छ । हरेक शिक्षण संस्थामा वार्षिक रूपमा अनुगमन गरेर आवश्यक सुधारका लागि संस्थागत पहलसमेत गरिएको छ । शिक्षालयहरूले सुधार गर्नुपर्ने विषयमा सुझाव प्रदान गर्ने कार्य हुँदै आएको छ । यसले संस्थाको समग्र क्षमता विकासमा सहयोग पुऱ्याएको पाइन्छ । सिटिइभिटीले आफ्ना कार्यक्रमलाई क्यालेन्डर निर्माण गरेर कार्यान्वयन गर्दै आएको छ । खास गरेर परीक्षा समयमै गर्ने र समयमै नतिजा प्रकाशनका लागि सिटिइभिटीले पछिल्लो समय क्यालेन्डरको परिपालना गरिरहेको छ । यसका साथै विद्यार्थीलाई कार्यस्थलको सिकाइका लागि उद्योगसँग जोड्ने काममा समेत गर्दै आएको छ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न अध्ययन अनुसन्धानलाई निरन्तरता दिँदै आएको छ । विभिन्न अनुसन्धानबाट प्राप्त निष्कर्षका आधारमा योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा समावेशी एवं समतामूलक पहुँच, गुणस्तर र सान्दर्भिकता लागि विभिन्न प्रयास हुँदै आएको भए पनि तथ्याङ्कले भने यो क्षेत्रमा पछिल्ला वर्षमा विद्यार्थीको संख्या उत्साहजनक देखाउँदैन । एसइईपश्चात्को १८ महिने प्रि-डिप्लोमा तहका कार्यक्रममा प्रशिक्षार्थी भर्ना दर सन्तोषजनक छैन । प्रि-डिप्लोमा तहमा शैक्षिक सत्र २०७७/७८ मा भर्ना संख्या २४ हजार पाँच सय १९ रहेकोमा शैक्षिक सत्र २०८१/८२ मा सो तहमा भर्ना हुने विद्यार्थीको संख्या चार हजार आठ सय ९३ रहेको छ । त्यसै गरी एसइईपश्चात् तीन वर्षे डिप्लोमा तथा प्रमाणपत्र तहको विद्यार्थी भर्नाको अवस्थामा समेत सुधार भएको देखिँदैन । शैक्षिक सत्र २०७७।७८ मा २६ हजार १२४ विद्यार्थी भर्ना भएकोमा शैक्षिक सत्र २०८१/८२ मा २४ हजार ६७८ विद्यार्थी भर्ना भई अध्ययनरत रहेको देखिन्छ । उल्लिखित तथ्याङ्कले प्राविधिक शिक्षाको क्षेत्रमा गरिएको लगानी तथा प्रयासका बाबजुत पनि विद्यार्थी संख्यामा वृद्धि हुन नसकेको विषय दर्शाएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई गरिखाने शिक्षा भने पनि विद्यार्थीको रुचि नदेखिनु अहिले मूल विषय रहेको छ । यसका लागि विभिन्न अध्ययनसमेत भएका छन् । विद्यार्थी संख्यामा कमी आउनुका कारणलाई मसिनो ढङ्गले विश्लेषण गरी सो अनुसारका कार्यक्रम तय गरी कार्यान्वयन गर्दै जानुपर्ने हुन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको आकर्षण वृद्धि गर्न जनसंख्या, भूगोल र आवश्यकता आधारमा प्राविधिक शिक्षालय स्थापना र कार्यक्रम विस्तार, शिक्षण संस्थामा न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्था, शिक्षण सिकाइ सामग्रीको पर्याप्तता, दक्ष प्रशिक्षकको उपलब्धता, कार्यस्थलको सिकाइको सुनिश्चितता, विद्यार्थी सहायता प्रणालीको कार्यान्वयन, पढ्दै कमाउँदै र कमाउँदै पढ्दै कार्यक्रमको कार्यान्वयन, सरोकारवालासँगको समन्वय र सहकार्य र शैक्षिक क्यालेन्डरको पूर्ण कार्यान्वयनको आवश्यकता पर्छ । विद्यार्थीका लागि अतिरिक्त क्रियाकलापमा सहभागिता, शिक्षण सिकाइमा नवीनतम प्रविधिको प्रयोग, उद्यमशीलता विकास कार्यक्रम सञ्चालन, वित्तीय पहुँचका लागि सहजीकरण, छात्रवृत्ति लगायतका कार्यक्रममा लक्षित समुदाय (सीमान्तकृत वर्ग) को सहभागिता र उद्योग, व्यवसायसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने विषयलाई समेत विशेष ध्यान दिनु पर्छ । आगामी दिनमा प्राविधिक शिक्षाका कार्यक्रम सञ्चालन गर्दा युवालाई उद्यमशील बनाउने गरी काम गर्नु पर्छ । श्रम बजारमा आवश्यक जनशक्तिको प्रक्षेपण गरी त्यसका आधारमा पाठ्यक्रम विकास तथा परिमार्जन, शिक्षण सिकाइमा प्रविधिको प्रयोग, कार्यस्थलमा आधारित प्रशिक्षण, उत्पादित वस्तु तथा सेवाको बजारीकरण, वित्तीय पहुँच र उत्पादित जनशक्तिलाई उत्पादन तथा रोजगारीमा संलग्नताका लागि सहजीकरणसम्मका काम गर्न आवश्यक छ । यसलाई दिगो बनाउन प्राविधिक तथा व्यावसायिक शिक्षालाई इको सिस्टमका रूपमा सञ्चालन गर्नु पर्छ । जसका लागि सरकार, तालिम प्रदायक शिक्षण संस्था, उद्योग/व्यवसाय र समुदायका बिचमा सौहार्दपूर्ण सम्बन्ध अपरिहार्य हुन्छ । यी सबै सरोकारवालासँगको अर्थपूर्ण सहभागितामा तयार गरिएको एकीकृत योजना र कार्यक्रम कार्यान्वयनबाट देशले अपेक्षा गरे अनुसारको दक्ष प्राविधिक जनशक्ति तयार भई उत्पादन तथा रोजगारीमा वृद्धि हुन्छ । तसर्थ यस्ता क्रियाकलापको कार्यान्वयनबाट प्राप्त हुने उपलब्धिका बारेमा आमविद्यार्थी तथा अभिभावकलाई सुसूचित गरी गुणस्तरीय प्रशिक्षण प्रदान गर्न सकेमा आगामी दिनमा प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको आकर्षण बढ्ने निश्चित देखिन्छ । *(लेखक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का निर्देशक हुनुहुन्छ ।)*

***-गोरखापत्र***

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# छ्यानब्बे वर्षमा नागरिकता

■ नमस्ते समचारदाता
बझाङ, फागुन/१२



वडाभरिकै पाको मान्छे । वृद्धावस्थामा पनि माटोसँगको सामीप्य छ, ९६ वर्षीया तुलसीदेवी जोशीको । यहाँको खप्तडछान्ना गाउँपालिका-५ पिठातोलाकी जोशीलाई अहिले पनि बारीमै भेटिनुहुन्छ । यो उहाँको बाध्यता भने होइन, बाल्यकालदेखिको खेती गर्ने बानीले नछाडेको मात्र हो । "घरभित्रै बसिरहन मन मान्दैन," उहाँले भन्नुभयो, "बारीमा के-कस्तो उम्रियो, पानी पुग्यो कि पुगेन, गोडमेल पुग्यो कि पुगेन भन्ने मनमा खेल्छ । त्यसपछि कुटो बोकेर गइहाल्छु ।" थाहा भएदेखि कृषिमा जीवन समर्पित गर्नुभएकी जोशी अहिले पनि गाउँमा अगुवा कृषकको रूपमा चिनिनुहुन्छ । "गाउँमा दलहन, धानबाली, तरकारी गाउँमा हुने सबै किसिमको तथा बीउ कतै नपाए गाउँले अझै मकहाँ आउँछन्", तुलसीले भन्नुभयो । तर यो उमेर बितिसक्दा पनि उहाँलाई नागरिकतालगायतका सरकारी कागजातको आवश्यकताबारे ज्ञान थिएन । उहाँलाई गत शनिबार जिल्ला प्रशासन कार्यालयले घरमै गएर नागरिकता प्रदान गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी सत्यकुमारी जोशीले सबै कागजात तयार गरी उहाँको घरमै पुगेर नागरिकता प्रदान गर्नुभयो । थलारा गाउँपालिका-७ घोडादाउनामा विसं १९८६ साल साउन ११ गते जन्मिनुभएकी जोशीलाई नागरिकता प्रदान गर्दै सहायक प्रमुख जिल्ला अधिकारीले अनागरिक भएर जीवन बिताइरहेको अवस्थामा भेट भएको बताउनुभयो । उहाँले जोशीले सय वर्षको हाराहारीमा पनि नागरिकता नपाएको भन्ने सुन्ने वित्तिकै कागजात बनाउन अनुरोध गरेको र कागजात तयार हुनासाथ नागरिकता उपलब्ध गराएको बताउनुभयो । बुवा जयलाल उपाध्याय र आमा हरिनादेवी उपाध्यायको कोखबाट जन्मनुभएकी जोशीको विसं १९९४ मा ८ वर्षको उमेरमा खप्तडछान्ना गाउँपालिका-५ का पदमराज जोशीसँग बिहे भएको थियो । बिहे भएको ५७ वर्ष अर्थात् २०५१ सालमै पदमराजले संसार छोडेपछि उहाँ एकल हुनुभएको हो । सदरमुकाम चैनपुरबाट चार घण्टाको दूरीमा पर्ने पिठातोला र त्यो ठाउँबाट देखिने भूभाग नै तुलसीका लागि संसार भयो । "मेरा लागि त यही संसार हो," तुलसीले भन्नुभयो, "माइतीगाउँ जाने बिप्रा डाँडा र छिमेकी जिल्ला बाजुरा जाने थामलेकबाहेक अन्त देखेको छैन । यही संसार आँखीझ्यालबाट हेरिरहन्छु । त्यो पनि पूरै घुमेको छैन ।"

# अनुमति नलिईं अस्पतालको नाम परिवर्तन




■ नमस्ते समचारदाता
नेपालगन्ज, फागुन/१२

नेपालगन्जमा सञ्चालनमा रहेको लर्डबुद्ध एकेडेमी लिमिटेडद्वारा सञ्चालित नेपालगन्ज शिक्षण अस्पताललाई सरकारी निकायबाट अनुमति नलिइ नाम परिवर्तन गरेको छ । सेवा सुविधा विस्तार लगायतका मागसहित कर्मचारी आन्दोलनमा उत्रिएपछि अस्पताल प्रशासनले बाहिर सञ्जीवनी अस्पतालको बोर्ड लगाएको छ । आन्दोलनरत कर्मचारीले एक पटक बोर्ड हटाए पनि पुनः सोही बोर्ड राखिएको छ । नेपालगन्ज उपमहानगरपालिकाले लर्डबुद्ध एकेमेडी लिमिटेडले भाडामा लिई नेपालगञ्ज शिक्षण अस्पताल नेपालगन्ज बाहिर कुनै पनि प्रकारको अनुमितबिना सञ्जीवनी कलेज अफ मेडिकल साइन्सद्वारा सञ्चालित नेपालगन्ज हस्पिटल भन्ने बोर्ड राखेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नगर प्रमुख प्रशान्त बिष्टले बाहिर सञ्जीवनीको नाममा बोर्ड राखी भित्र लर्डबुद्धको नाममा कारोबार भइरहेको तथ्यप्रति गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो । नेपालगन्ज उपमहानगरपालिकाद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ, '२४ घण्टाभित्र सञ्जीवनी कलेज सञ्चालनका लागि तीनै तहका सरकारबाट कहिँ कतै अनुमति प्राप्त भएको भए पेस गर्न प्राप्त नभएको भए उक्त बोर्ड हटाइ कानुन बमोजिम अनुमतिपत्र गरेअनुसार कारोबार गर्न गराउन निर्देश गरिएको छ ।'

# पत्रकारलाई आएको धम्कीप्रति महासंघको ध्यानाकर्षण

■ नमस्ते समचारदाता
कैलाली, फागुन/१२




कैलालीका पत्रकार दीर्घराज उपाध्यायले सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुभएको छ । धनगढी उपमहानगरपालिका र नगर प्रमुखलाई जोडेर समाचार र लेख प्रकाशनपछि आफूलाई धम्की आएको भन्दै उहाँले सुरक्षाको माग गर्दै प्रशासनमा उजुरी दिनुभएको हो । उपाध्यायले प्रमुख जिल्ला अधिकारी गोगन बहादुर हमाललाई निवेदन बुझाउनु भएको छ । पश्चिम टुडे मिडिया हाउसका सञ्चालक समेत रहनु भएका उपाध्यायले केही दिन अगाडि 'धनगढीको उज्यालो ः भ्रम र वास्तविकता' शीर्षकमा लेखसहित धनगढी उपमहानगरपालिकासँगै जोडेर आफ्नो सञ्चारमाध्यममा समाचार प्रकाशन गर्नु भएको थियो । त्यसयता, नगर प्रमुखको समर्थकबाट पत्रकार उपाध्यायलाई लक्षित गरी सामाजिक सञ्जालमार्फत धम्क्याउने, तनाव दिने कार्य भइरहेको जनाइएको छ । प्रमुख जिल्ला अधिकारी हमालले सामाजिक सञ्जालको प्रयोग गरेर पत्रकारलाई धम्क्याउने, मानसिक तनाव दिनेलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाउनुभयो । उपाध्यायसँगै नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य योगेन्द्र बलाएर, नेपाल पत्रकार महासङ्घ सुदूर पश्चिम प्रदेश समितिका अध्यक्ष भरत शाह, नेपाल पत्रकार महासङ्घ कैलाली शाखाका अध्यक्ष श्रवण देउवा, निवर्तमान अध्यक्ष हिमाल जोशी जिल्ला प्रशासन कार्यालय पुग्नु भएको थियो । उहाँहरूले पत्रकारको भौतिक सुरक्षाको ग्यारेन्टी गर्न प्रमुख जिल्ला अधिकारीलाई आग्रह गर्नुभयो । पत्रकार उपाध्यायले आफूलाई धम्की आएको र मानसिक तनाव दिने कार्य भइरहेको भन्दै नेपाल पत्रकार महासङ्घ कैलाली शाखामा पनि निवेदन दिनुभएको छ । यसैबिच, नेपाल पत्रकार महासङ्घ प्रदेश समिति र कैलाली शाखाले छुट्टाछुट्टै विज्ञप्ति जारी गरेर समाचार लेखेकै कारण पत्रकारलाई आएको धम्कीप्रति निन्दा गरेका छन् । प्रदेश समितिका महासचिव शिवराज भट्ट र कैलाली शाखा सचिव तेजराज भट्टले ध्यानाकर्षण भएको जनाउँदै छानबिन गरेर घटनाको दोषीलाई कारबाहीको माग गर्नुभएको छ । प्रकाशित समाचारको विषयमा चित्त नबुझेमा कानुनी उपचारमा जान बाटो खुला रहेको तर धम्क्याउने, मानसिक तनाव दिने, अनर्गल प्रचार गर्ने जस्ता कार्य प्रेस स्वतन्त्रता विरोधी गतिविधि रहेको विज्ञप्तिमा उल्लेख छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं ।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।
बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला


# न्याय र राहतको पर्खाइमा पीडित

■ नमस्ते समचारदाता
रुकुमपश्चिम, फागुन/१२



रुकुमपश्चिमको त्रिवेणी गाउँपालिका-४, खारामा सशस्त्र द्वन्द्वका क्रममा १५ जनाको सामूहिक हत्या र सिङ्गो गाउँ आगजनी भएको २५ वर्ष पूरा भएको छ। २०५६ फागुन १० गते भएको घटनाका पीडितले न्याय र राहतको आशामै २५ वर्ष बितेको दुःखेसो पोखेका छन्। यही घटनामा श्रीमान्, जेठो छोरा र देवरको छोरा गुमाउनुभएकी ७१ वर्षीया राती ओलीले अझैसम्म न्याय पाउन नसकेको बताउनुभयो। उहाँका श्रीमान् त्रिभान, जेठो छोरा धन बहादुर र देवरको छोरा लालबहादुरसहित कुरल गाउँका सात जनालाई एउटै लाइन बनाएर तत्कालीन राज्यपक्षका प्रहरीले गोली हानेका थिए। त्यो क्षण स्मरण गर्दै रातीले भन्नुभयो, "आँगनमा लहरै बनाएर गोली हाने, हामी केराको बोटमुनि लुकेर बाँच्यौं, माइला छोरालाई कुट्नसम्म कुटे, मर्‍यो भनेर खोल्सामा फाले।" त्यो दिनपछि रातीको शरीरमा घाम परेको छैन। राज्यले मृतकका परिवारलाई १० लाख राहत दिए पनि निर्दोष व्यक्ति मारिँदा परिवारले न्याय नपाएको गुनासो उहाँको छ। सोही दिन खाराको पोखरीगाउँमा थप सात जनाको हत्या भएको थियो। बुवाको हत्या हुँदा आमाको गर्भमा रहनुभएकी तारा खड्काले बुवाबिनाका २५ वर्ष अँध्यारोमै बितेको बताउनुभयो। "बुवा मारिँदा म आमाको पेटमा चार महिनाको थिएँ रे," ताराले भन्नुभयो, "आमाका आँसु रोकिने र न्याय पाउने कहिले होला?" उक्त दिन पोखरीगाउँमा सात जना, कुरलमा सात जना र हाइबाङमा एक जना गरेर १५ जनाको हत्या भएको थियो। तत्कालीन खारा गाविस अध्यक्षसमेत रहनुभएकी नेपाली कांग्रेसको कर्णाली प्रदेश कमिटी सदस्य सीता ओलीले १५ जना सर्वसाधारणको हत्या भएको बताउनुभयो। कांग्रेसको वडा समिति अध्यक्ष त्रिभान ओलीलगायतले "हामी माओवादी होइनौं, कांग्रेस हौं," भन्दाभन्दै राज्यले उहाँसहित अन्य सर्वसाधारणलाई हत्या गरेको उहाँले बताउनुभयो। हत्यासँगै खारागाउँ आगजनी गरिएको थियो। राज्यतर्फबाट भएको त्यो बर्बरता बिर्सनै नसकिने ओलीले जनाउनुभयो। माओवादी लुकेको भन्दै प्रहरीले सर्वसाधारणका घर, गोठ र घट्टसमेतमा आगो लगाएको थियो। करिब ८६ घर गोठ आगजनीबाट क्षति भएको ओलीले जानकारी दिनुभयो। त्यो बेला घरगोठ जलेर ध्वस्त भएको तर अझैसम्म राहत पाउन नसकेको पीडित बिरजित दमाईले बताउनुभयो। अब त राहतको आशा पनि मरिसकेको बताउँदै उहाँले घरगोठ आगजनीबाट भएको क्षति अनुसारको राहत तथा क्षतिपूर्ति कसैले पनि नपाएका दाबी गर्नुभयो। तत्कालीन अवस्थामा केहीले सामान्य राहत मात्र पाएको उहाँले बताउनुभयो। त्रिवेणी गाउँपालिका अध्यक्ष गणेश बहादुर केसीले निमुखा सर्वसाधारणले हारगुहार गर्दा पनि लाइन लगाएर हत्या गरिएको, गाउँघर नै जलाइएको घटनाका पीडितले न्याय र उचित क्षतिपूर्ति पाउन नसकेको बताउनुभयो। पीडितलाई राहत, क्षतिपूर्ति र न्याय दिलाउन जिम्मेवार निकायबाट ढिलाइ भइरहेको अध्यक्ष केसीले उल्लेख गर्नुभयो। द्वन्द्वका कारण साबिक रुकुमका ६६५ जनाको मृत्यु भएकाले राहत वितरण गरिएको जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कमा रहेको छ।

# कैलालीमा साढे दुई हजार जलपन्छी अभिलेख



■ नमस्ते समचारदाता
कैलाली, फागुन/१२

कैलालीको सिमसारमा यस वर्ष ५९ प्रजातिका दुई हजार ५२२ वटा जलपन्छी अभिलेख भएका छन्। हिउँदमा गरिएको गणनाको क्रममा सो संख्यामा जलपन्छी अभिलेख गरिएको हो। रैथाने र आगन्तुक जलपन्छीको संख्या, अवस्था, प्रजाति पत्ता लगाउनका लागि गत जनवरीमा विभिन्न तालतलैयामा जलपन्छीको गणना गरिएको थियो। गणनाको क्रममा विश्व रामसार क्षेत्रमा सूचीकृत नेपालको पहिलो चरा आरक्ष घोडाघोडी तालमा ३५ प्रजातिका एक हजार ४९७ जलपन्छी अभिलेख भएका छन्। यसैगरी, धनगढी उपमहानगरपालिकामा रहेको जाखोर तालमा १७ प्रजातिका ४५८ जलपन्छी अभिलेख भएका छन्। कैलाली र बर्दियाको सीमा क्षेत्रस्थित कर्णाली नदीको तल्लो तटीय क्षेत्रमा विभिन्न २८ प्रजातिका ५५४ वटा जलपन्छी अभिलेख भएका छन्। वसन्ता वन क्षेत्रमा पर्ने रखौना, लौकाभौका, सोनियाँ रुपियाँ, घोडताल, र प्ताहीलगायतका तालमा पनि पानी चराको गणना गरिएको थियो। बसन्ता वन क्षेत्रमा रहेका तालहरुमा जलपन्छीको संख्या निकै घटेको पाइएको चराविद् हिरुलाल डङ्गौराले बताउनुभयो। उहाँले चराको प्राकृतिक वासस्थानको विनाश, मानवीय हस्तक्षेप लगायतका कारण जलपन्छीको संख्या घट्दै गएको बताउनुभयो। जाडो छल्नका लागि उत्तरी ध्रुवबाट यहाँका सिमसारमा विभिन्न प्रजातिका पाहुना जलपन्छी पुगेको बेला हरेक वर्ष जलपन्छीको गणना गर्ने गरिन्छ। कैलालीको सिमसारमा सिलसिले हाँस, नादुन हाँस, मरुल, डुबुल्की चरा, हरिहाँस, कैले टाउके हाँस, जलेवा, जलअप्सरा, बगाले सिमकुखुरा, हरिहाँस लगायतका रैथाने र आगन्तुक जलपन्छी पाइने गरेका छन्।

# डोजरले खसालेको ढुङ्गा लागेर बालकको मृत्यु, आमा घाइते

■ नमस्ते समचारदाता
मुगु, फागुन/१२



सडक बनाइरहेको डोजरले खसालेको ढुङ्गा लागेर एक बालकको मृत्यु भएको छ भने आमा सक्त घाइते हुनुभएको छ। सोरु गाउँपालिका वडा नं. १० धैन गाउँ निवासी नौले नेपाली र कल्पना नेपालीका १० वर्षीय छोरा लोकजङ्ग नेपाली रहेको र लोकजङ्गको आमा कल्पना नेपाली सक्त घाइते भएको जिल्ला प्रहरी कार्यालय मुगुले जानकारी दिएको छ। घरायसी कामको लागि हुम्ला गएर आइतवार घर फर्कर्दै गर्दा साँझ ६:०० बजे गाउँनजिक सडक खनी रहेको डोजरले खसालेको ढुङ्गा लाग्दा छोराको घटनास्थलमै मृत्यु भएको हो भने आमा घाइते हुनुभएको हो। कर्णाली प्रदेश सरकारको लगानीमा दोमुख-गमगढी-नाक्चेलाग्ना सडक अन्तरगत सोरु गाउपालिका १० बजुरे देखि दोमुखसम्म ठेकदारले सडकको ट्र्याक खोल्न काम गरिरहेको थियो। जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायव उपरीक्षक सरोज गिरीका अनुसार घाइते आमाको थप उपचारका लागि प्रहरीको सहजिकरणमा एम्बुलेन्सबाट जिल्ला अस्पताल मुगुमा उपचारका लागि भर्ना गरिएको छ। उहाँले भन्नुभयो स्वास्थ्यकर्मीको जानकारी अनुसार उहाँको अवस्था मध्यम रहेको छ। आइतबार घटना हुने बित्तिकै प्रहरी चौकी कालैबाट प्रहरी टोलि खटिइ घटना स्थलमा पुगेको थियो। जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरिक्षक अचुतराज रेग्मीको नेतृत्वमा सोमबार घटनास्थलमा घटनाको अनुसन्धान गर्न थप प्रहरी टोली पुगेको थियो। सडक निर्माण गर्दा सुरक्षाका उपाय नअपनाइ ठेकदार पक्षले लापरबाही गरि काम गर्दा यो घटना घटेको स्थानियहरुले आरोप लगाएका छन्। घटना कसरी घट्यो, सडक निर्माण कम्पनिले सुरक्षाका उपाय अपनायको थियो कि थिएन सबै कुरा प्रहरीले अनुसन्धान गरि सत्य तथ्य बाहिर ल्याउने प्रहरी उपरीक्षक गिरीले बताउनुभयो। घटनास्थल जिल्ला सदरमुकाम गमगढिबाट ५० किलोमिटर सडक दुरिमा टाढा रहेको छ।

# बालबालिकालाई शैक्षिक सामग्री वितरण

■ नमस्ते समचारदाता
बाजुरा, फागुन/१२

बाजुराका दलित तथा विपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरिएको छ। रितादेवी जन एकता फाउन्डेसनको समन्वयमा गरिब तथा विपन्न परिवारका बालबालिकालाई शैक्षिक सामग्री वितरण गरेको हो। बुढीगङ्गा नगरपालिका-४ का राजेन्द्र आविका एक सय जना, वडा नम्बर ७ मा रहेको शारदा माविका असी, वडा नम्बर-२ मुसीका पैँतिस, वडा नम्बर ३ को पशुपति माविका ४५ जना दलित तथा विपन्न परिवारका बालबालिकालाई स्कुल ब्याग, न्यानो लुगा तथा स्टेसनरी सामग्री वितरण गरेको रितादेवी जनएकता फाउन्डेसनले जनाएको छ। सम्बन्धित विद्यालयमा वडाध्यक्ष, वडासदस्य, व्यवस्थापन समिति शिक्षक र अभिभावकको उपस्थितिमा सो सामग्री वितरण गरिएको छ। दुर्गम र चिसोमा पढ्दै आएका यी विद्यार्थी भाइबहिनीलाई यो सानो सहयोगले पनि ठुलो राहत पुगेको रितादेवी जनएकता फाउन्डेसन अध्यक्ष रिता शाहीले बताउनुभयो। उहाँले भन्नुभयो, "विगत लामो समयदेखि विभिन्न सामाजिक क्षेत्रमा काम गर्दै आएको यो फाउन्डेसनले विभिन्न विद्यालयमा अध्ययनरत गरिब, दलित तथा विपन्न समुदायका बालबालिकालाई सहयोग गरेको हो।" बुढीगङ्गा नगरपालिका वडा नम्बर ४ र ७ मा जय नेपाल फाउन्डेसन अन्तर्गतको ग्लोबल युथ नेटवर्कका बुदीमाया शेर्पा र पशुपति उमाविमा काठमाडौं बस्नुहुने समाजसेवी मिङमा दोर्जे शेर्पाको आर्थिक सहयोगमा सो सामग्री बालबालिकालाई वितरण गरेको अध्यक्ष शाहीले बताउनुभयो।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके